# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

# परीक्षण प्रतिवेदन

शहिद लखन गाउँपालिका,घैरुङ्ग **गोरखा**

आ.व २०७५/७६

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, वालवालिका, दलित आदीको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदानगर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

पन्ध्रौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ ।

संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

## २. अध्ययनको महत्व

स्थानीय तहहरुको वजेट निर्माण प्रक्रिया लाई लैङ्गिक कोणवाट सन्तुलित वनाउदै र यसको परीक्षण समेत गर्दै सम्वृद्ध नेपाल सुखि नेपालीको नारालाई टेवा पुर्‍याउनु यस शहिद लखन गाउँपालिकाको लैङ्गिक वजेट परीक्षणको थालनी गरिएको छ ।

## ३. लैङ्गिक बजेट परिक्षणको उद्देश्यहरु

यस कार्यविधिको मुख्य उद्देश्य ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी गाउँपालिकाले गर्ने सम्पूर्ण विकासका कार्यहरुलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छनः

(क) लैंगिक समानता तथा समाजिक समावेशीकरण परीक्षण मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुलाई समावेश गरि, लैङ्गिक समानता र सबै जातजाती तथा समुदायको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तर तथा सामाजिक विभेद प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

(ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

(ग) गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

**४. अध्यनका क्षेत्रहरु**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्षेत्रहरुलाई निम्न वुदामा उल्लेख गर्न सकिन्छ ।

- कार्यान्वयन तहमा लैङ्गिक सहभागिताको अवस्था ।
- श्रोत विनियोजनको लैङ्गिक विश्लेषण ।
- नीति, प्रकृया र संरचनाको लैङ्गिक सम्वेदनशीलता ।

**५. अध्ययनको तरीका र विधि**

यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यलाई व्यवहारिक र वस्तुपरक वनाउनका साथै यथार्थको नजिक पुग्नका अध्ययनका लागि निम्न विधीहरुको अवलम्वन गरिएको छ ।

- स्थलगत अवलोकन (Field Observation)
- लक्षित समूह छलफल (Focus Group Discussion)

**६. सहभागिहरु**

यस परिक्षणको क्रममा गाउँपालिकाका अध्यक्ष लगायत कार्यपालिकाका सदस्यहरु र सम्पुर्ण कर्मचारीहरुको उपस्थिती रहयो ।

**७.विश्लेषणका औजारहरु**

यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वाट प्राप्त परिणामलाई स्पष्ट र सवैले वुझ्ने वनाउनका लागि माकुरेजालो विधिवाट विष्लेषण गरिएको छ। जुन तल ९.२ मा प्रस्तुत गरिएको छ।

## ८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

- गाउँपालिकाको समामाजिक समावेशि विकासमा सरोकारवालाहरुको ध्यान केन्द्रित भएको छ।
- लैङ्गिक समानताका हिसावले गाउँपालकाका योजना कार्यान्वयन, अनुगमन/नियमन कार्य सन्तोषजनक रहेको छ
- निर्णय प्रक्रियामा महिला सहभागिता अर्थपूर्ण प्रतिनिधित्व गरेको छ।
- कम मात्रामा भएपनि महिलाहरुको वकालत र सरोकारवालाहरुको संवेदनशीलता वढ्दै गएको छ।
- सार्वजनिक जीवनमा महिला सहभागिता वढ्दै गएको देखिएको छ।

## ९. लैससास बजेट परिक्षण बीधिवाट देखिएका लैगिंक समानता तथा सामाजिक समावेशिकारणको अवस्था।

- बार्षिक कार्यक्रम तर्जुमा गर्दा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी कार्यकमहरु तयार गर्ने गरिएको छ।
- गाउँपालिकाले तर्जुमा ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ।
- उपभोक्ता समिति गठन गर्दा आम भेला गर्नु का साथै उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता भएको छ।
- गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि घुम्ति शिविर संचालन भएको छ।
- गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भएको छ।
- जातीय विभेद र छुवाछुत हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ।

### ९..१. परीक्षण पश्च्यात सूचकहरुले प्राप्त गरेका अंक

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु**

**(GESI Audit)**

**जम्मा प्राप्ताङ्क = २७**

**नोट : ० = शुन्य, ०.५ = ठिकै, १ = राम्रो**

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ७ | २ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | समावेशि कानुन मस्यौदा समिती गठनको माईन्युट | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ० | | |
| ग | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | ० - १ | ० | | |
| घ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | ० - १ | ०.५ | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको | |
| ङ | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | ० - १ | ० | | |
| च | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | ० - १ | ०.५ | अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री कार्यविधिहरु | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद / दुर्व्यवहार (जस्तै यौनजन्य, जातीय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको लागि नीति बनाएर लागु गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | ३ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | **०–१** | ० | | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | **०–१** | ०.५ | गाउँपालिकाको वार्षिक नीती तथा कार्यक्रम | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | **०–१** | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | **०–१** | १ | बस्तीस्तरको योजना तर्जुमा गर्दाको वैठक माईन्यूट | |
| **च** | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु त्यार गरिएको छ वा छैन ? | **०–१** | ०.५ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | **०–१** | १ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका | |
| **३** | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ४.५ | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | **०–१** | १ | उपभोक्ता समितिको निर्णय माईन्यूट | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने | **०–१** | १ | उपभोक्ता समितिको निर्णय माईन्यूट | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | व्यवस्था छ वा छैन ? | | | | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | १ | गााउँपालकाको मस्यौदा पाश्वचित्र र उपभोक्ता समितिको निर्णय माईन्यूट | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ० | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | १ | गत आ.व.को आर्थिक प्रशासनको खर्च अभिलेख | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०.५ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम/योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ० | | |
| **४** | **आन्तरिक संरचना** | **७** | **४.५** | | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | १ | गाउँपालिकामा गठीत न्यायिक समितिको संरचना र मेलमिलापकर्ताहरुको नामावली । | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | ०.५ | न्यायिक समितिको अभिलेख पुस्तिका | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०.५ | गाउँपालिकामा गठन भएका विषयगत समिति र उपसमितिहरुको संरचना । | |
| घ | सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | १ | सम्पर्क व्यक्ति तोकिएको पत्र । | |
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका कार्यविधि | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु व समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता/सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | १ | गाउँपालिकाको दर्ता/सूचीकृत पुस्तिका | |
| **५** | **क्षमता विकास** | ७ | २ | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ० | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०.५ | गाउँपालिकाले संचालन गरेका क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको नामावली । | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | महिलाहरुको क्षमता विकासको लागि सिलाई कटाईको तालिमको लागि विनियोजित वजेट र कार्यक्रम सम्पन्न भएको प्रतिवेदन । | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | **०–१** | ०.५ | गाउँपालिकाका पदाधिकारीको क्षमता अभिवृद्धि तालिम र सो तालिमको विषयवस्तु । | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | **०–१** | ०.५ | लोक सेवा आयोग तयारी कक्षा संचालन र सो तालिममा उपस्थिती नामावलि | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| **६** | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **७** | **३.५** | | |
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा | **०–१** | ०.५ | कोहि पनि पछाडी नछुटुन् भन्ने | |


| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | | | कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अभिलेख प्रति । | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | **०–१** | **०** | | |
| घ. | महिला विरुद्ध हुने सबैखालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | **०–१** | **१** | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका र खर्चको अभिलेख | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | **०–१** | **१** | कार्यक्रमको मईन्यूट | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | **०–१** | ०.५ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको पुस्तिका र खर्चको अभिलेख । | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित | **०–१** | ०.५ | गाउँपालिकाको वजेट तथा कार्यक्रमको | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | | | पुस्तिका र कार्यक्रमको माईन्यूट | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | ७ | ४.५ | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | १ | घुम्ति शिविर संचालन गर्दाको दर्ता अभिलेख र फोटाहरु । | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०.५ | गाउँपालिको भौतिक संरचना | |
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ०.५ | महिला कर्मचारीले दिएको प्रतिक्रिया | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ०.५ | कार्यक्रम गरेको माईन्यूट र फोटोहरु | |
| च | महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | महिला कर्मचारीहरुको प्रतिकृया । | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | १ | कर्मचारीहरुको प्रतिक्रिया | |
| **८** | **सुशासन** | ७ | ३ | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वयन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | उपभोक्ता समिति ले गरेको सार्वजनिक परिक्षणका माईन्यूट र फोटाहरु र वडा तहको नागरिक वडापत्रहरु । | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | १ | सम्मपन्न आयोजनाहरुको सार्वजैनिक परिक्षण र गाउँपालिका बाट आयोजित सार्वजैनिक सुनुवाइको माइन्युट | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०.५ | गाउँपालिकाको Website | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि "घ" मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०.५ | | विभिन्न समय र पत्रिका र एफ. एम रेडियोमा प्रकाशित सूचनाहरु |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, | ०–१ | ० | | |

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याई को आधार | कैफियत |
|---|---|---|---|---|---|
| | शिक्षा र संचारको (IEC materials) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | | | | |

**९.२.माकुरे जाला**




## १०. सबल पक्ष र सूधार गर्नपर्ने पक्षहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणक वाट सिरानचोक गाउँपालिकामा केहि सवल पक्षहरु देखिएता पनि समग्र सूचकहरुवाट प्राप्त परिणाम वाट सुधारगर्नु पर्ने पक्ष वढि देखिन्छ । यस परिक्षणका सवल पक्ष र सुधार गर्नुपर्ने पक्ष लाई निम्न वुदाहरुमा उल्लेख गरिएको छ ।

**क) सवल पक्षहरु:**

- उपभोक्ता समिति गठन गर्दा आम भेला गर्नु का साथै उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता भएको छ ।

- गाउँपालिकाले तर्जुमा ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आधारमा धेरै हद सम्म सहभागिता भएको छ ।
- बार्षिक कार्यक्रम तर्जुमा गर्दा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी कार्यक्रमहरु तयार गरिएको छ ।
- गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि घुम्ति शिविर संचालन भएको पाईन्छ ।
- गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भएको छ ।
- लैससासका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न भएको छ ।

## १०. सुधार गर्नुपर्ने पक्षहरुः

- अनुगमन गर्दा लैससास सम्वन्धी सूचकहरु पनि समावेश गरी सो प्रतिवेदन कार्यपालिकामा छलफल गरिनुपर्ने छ ।
- महिला तथा सामाजिक रुपमा वन्चितिमा परेका समुदायको सहभागितामा नीति तयार गर्नुपर्ने छ ।
- सामाजिक जवाफदेहिताका औजारहरुको प्रभावकारी कार्यान्वयन र बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) जस्ता विधी प्रयोग गरि सार्वजनिक सुनुवाई गर्नुपर्ने छ ।
- वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गर्नुपर्ने छ ।
- क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम सञ्चालन गर्नुपर्ने छ ।
- सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदिको व्यवस्था गर्नुपर्ने छ ।

## ११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा गरेको SWOT analysis का आधारमा शहिद लखन गाउँपालिकाको लैससास को अवस्थामा सुधार ल्याउनको लागि निम्न अनुरुपको कार्ययोजना तयार गरिएको छ ।

**शहिद लखन गाउँपालिका**

**फागुन २०७६**

---

| **अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप** | **मुख्य जिम्मेवारी** | | | **समयावधी** | **थप आर्थिक दायित्व व्यहोर्न** | |
|---|---|---|---|---|---|---|
| | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | | **पर्ने** ( अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | **नपर्ने** |
| **१. कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | |
| **१.१.** कानुन तथा नीति निर्माणको गर्दा महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव/सहभागिता सुनिश्चितता गर्ने | अध्यक्ष, प्र.प्र.अ., | कार्यपालिका | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु................ आन्तरिक श्रोत | |
| **१.२**. हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण गर्ने । | प्र.प्र.अ., | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ............ आन्तरिक श्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **१.३.** गाउँपालिकाको लैससास नीति तयार गर्ने | अध्यक्ष, | कार्यपालिका | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | | ✓ |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | |
| **२.१.** वार्षिक कार्यक्रम वनाउदा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरेर गर्ने । | प्र.प्र.अ. | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | | ✓ |
| **३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | |
| **३.१.** आयोजना अनुगमनका सूचकहरुमा लैससास सम्वन्धी सूचकहरु समावेश गरि सुचक वनाउने र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | | ✓ |
| **३.२.** सबै सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान गरि कार्यक्रम/योजना तयार गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ५०,०००। आन्तरिक श्रोत | |
| **४. आन्तरिक संरचना** | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **४.१.** बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, उपाध्यक्षा तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५ घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र ( होर्डिङ्गबोर्ड, फ्लेक्स प्रिन्ट, एफ. एम. / रेडियो मा सूचना प्रवाह) प्रयोग गर्ने । | महिला विकास शाखा प्रमुख | प्रशासन शाखा प्रमुख | प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | | ✓ |
| **४.२.** न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राख्ने । | प्र.प्र.अ.,उपाध्यक्ष | प्र.प्र.अ.,न्यायिक समिति | प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | | ✓ |
| **४.३.** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., शाखा प्रमुख | प्र.प्र.अ.,महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ. र महिला शाखा प्रमुख | २०७७ साउन देखि | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गरि सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने । | | | | | | |
| **५. क्षमता विकास** | | | | | | |
| ५.१. तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गरेर तालिमप्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने । | अध्यक्ष, प्र.प्र.अ., | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | रु. २००,०००। आन्तरिक श्रोत | |
| ५.२. लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने । | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | २०७६ चैत्र देखि | | |
| ५.३. गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व-मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाई यस्ता कार्ययोजनाका | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | २०७७ साउन देखि | रु. १५०,००० आन्तरिक श्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । | | | | | | |
| **६. नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | |
| ६.१. महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गर्ने र कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गर्ने । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६.२. महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गन सम्बन्धी कार्यक्रम संचालन गने । | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | २०७७ साउन देखि | रु. १५०,००० आन्तरिक श्रोत | |
| **७. सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | |
| **७.१.** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति हरुको नक्सांकन गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. .......... आन्तरिक श्रोत | ✓ |
| **७.२.** बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण गरि स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिलारपुरुष शौचालय, प्रतिक्षालय आदि कुराहरु सुधार गर्दै जाने । | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | रु. २०,००० आन्तरिक श्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **७.३.** राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा (जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन र नियन्त्रणका लागि) अभियान र चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने । | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष प्र.प्र.अ., महिला शाखा प्रमुख | २०७६ चैत्र देखि | रु. १५०,००० आन्तरिक श्रोत | |
| **८. सुशासन** | | | | | | |
| **८.१.** गाउँपालिकाले नियमित चौमासिक रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने। | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ६०,००० आन्तरिक श्रोत | |
| **८. २** लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) वनाई प्रवाह गर्ने । | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ५०,००० आन्तरिक श्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८.३ गाउपालिकाले वार्षिक रुपमा लैससास परिक्षण गर्ने । | प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ५०,००० आन्तरिक श्रोत | |

**१२. निश्कर्ष**

महिला, दलित, विपन्न तथा अल्पसंख्यक जातिको विकास का लागि कार्यविधीले व्यवस्था गरेको कमजोर सुचक र उपसूचकहरुका आधारमा शहिद लखन गाउँपालिकाले उनीहरुको नेतृत्व बिकास, सशक्तिकरण, सचेतिकरण, सीप बिकास मा ध्यान दिई आय आर्जनमा प्रत्यक्ष फाईदा पुग्न सक्ने खालका कार्यक्रममा बढी जोड दिनुपर्ने देखिएको छ ।

**१३. सुझाव**

शहिद लखन गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका क्रममा गरिएको समग्रपक्षको विष्लेषका आधारमा निम्न सुझावहरु पेश गरिएको छ ।

- गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि ऐन नियमहरु वनाएतानि ससोकारवालाहरु संग छलफल नगरेको देखिएको आगामि दिनहरुमा गर्नुपर्ने ।
- गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति वनाई आवधिक योजना र वार्षिक वजेट मार्फत सम्वोधन गर्नुपर्ने ।
- महिलाहरुलाई गाउँपालिका भित्रका सवै समूह, सञ्जाल तथा संघसंस्थाहरुमा समानुपातिक
- महिलाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैससहरुले महिलाका स्थानीय सामुदायिक संस्थासंग अनिवार्य रुपमा सहकार्य गर्नु पर्ने ।
- प्रतिनिधित्व गराउनका लागि गाउँसभा वाटनै नीतिगत निर्णय गर्नु पर्ने ।
- उपभोक्ता समितिमा महिला सहभागिता वढाउन थप पहल गर्नुपर्ने ।

**सहभागी नामावली**

| क्र.सं. | नाम थर | पद | वडा नम्बर |
|---|---|---|---|
| १ | श्री रमेशबाबु थापा मगर | अध्यक्ष | गाउपालिका |
| २ | श्री इन्दिरा तिवारी | उपाध्यक्ष | गाउपालिका |
| ३ | श्री दिप बहादुर के.सी. | वडा अध्यक्ष | १ |
| ४ | श्री अचल बाबु थापा | वडा अध्यक्ष | २ |
| ५ | श्री गणेश बहादुर थापा | वडा अध्यक्ष | ३ |
| ६ | श्री कृष्ण बहादुर चेपा□ | वडा अध्यक्ष | ४ |
| ७ | श्री यम बहादुर राना | वडा अध्यक्ष | ५ |
| ८ | श्री दिलिप नारायण थापा | वडा अध्यक्ष | ६ |

| | | | |
|---|---|---|---|
| | मगर | | |
| ९ | श्री शरण श्रेष्ठ | वडा अध्यक्ष | ७ |
| १० | श्री काशिनाथ अंगाई | वडा अध्यक्ष | ८ |
| ११ | श्री राम प्रसाद लामिछाने | वडा अध्यक्ष | ९ |
| १२ | श्री कल्पना बयलकोटी | सदस्य | २ |
| १३ | श्री रूकमणी गुरू□ | सदस्य | ३ |
| १४ | श्री सुकमाया बि.क. | सदस्य | ४ |
| १५ | श्री लिना थापा मगर | सदस्य | ६ |
| १६ | श्री नारायण बाबु बराम | सदस्य | अल्पसंख्यक |
| १७ | श्री सकुन थापा मगर | सदस्य | २ |
| १८ | श्री कृष्ण बहादुर बि.क. | सदस्य | दलित |
| | **कर्मचारीहरू** | | |
| १ | श्री जीवन बहादुर आले मगर | प्र. प्र अधिकृत | |
| २ | श्री जुनुमाया घर्ति | कर्मचारी | |
| ३ | श्री प्रदिप श्रेष्ठ | कर्मचारी | |
| ४ | श्री संजय थापामगर | कर्मचारी | |
| ५ | श्री सन्तोष लामिछाने | कर्मचारी | |
| ६ | श्री सोम आले | कर्मचारी | |
| ७ | श्री राजन रानाभाट | कर्मचारी | |

**समाप्त**